# चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
## वीर अस्पताल

महाबौद्ध, काठमाण्डौं

फोन नं.: ०१-४९७०७५०

### करार सेवामा नर्सिङ्ग शिक्षक लिने सम्बन्धी सूचना

(सुचना नं. १/०८१/०८२ प्रकाशित मिति २०८१/०४/२८)

चि.वि.रा.प्र.सभाको २५ औं बैठकको निर्णय एवम् चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (उपकुलपतिस्तर) को मिति २०८१/०१/२४ को निर्णयानुसार वीर अस्पताल नर्सिङ्ग क्याम्पसमा संचालन भै रहेका विभिन्न तहका विभिन्न विषयहरु पठन पाठन गर्नका लागि लोकसेवा आयोगबाट स्थायी पदपूर्ति भई आएमा वा नर्सिङ्ग क्याम्पसलाई उक्त शिक्षकहरु आवश्यक नभएमा स्वतः हट्ने गरी करार सेवामा नर्सिङ्ग शिक्षक पदपूर्ति गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित पदमा देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन, मिति २०८१/०५/१६ गतेभित्र रितपूर्वकको विवरण भरी दरखास्त फाराम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

१. करारमा पदपूर्ती सम्बन्धी विवरण

| विज्ञापन | सेवा | समूह | पदको नाम | विषय | माग संख्या | आवश्यक शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| ०१/०८१-०८२ | स्वास्थ्य | नर्सिङ्ग | नर्सिङ्ग शिक्षक | एम.एन. (एडल्ट नर्सिङ्ग/ क्रिटिकल केयर नर्सिङ्ग) | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |
| ०२/०८१-०८२ | स्वास्थ्य | नर्सिङ्ग | नर्सिङ्ग शिक्षक | एम.एन. (ओमन हेल्थ डेभलमेन्ट/ म्याटरनल हेल्थ नर्सिङ्ग/ मिडवाईफरि) | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |
| ०३/०८१-०८२ | स्वास्थ्य | नर्सिङ्ग | नर्सिङ्ग शिक्षक | एम.एन. (पिडियाट्रिक नर्सिङ्ग/ चाईल्ड हेल्थ नर्सिङ्ग) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |
| ०४/०८१-०८२ | स्वास्थ्य | नर्सिङ्ग | नर्सिङ्ग शिक्षक | एम.एन. (साईक्याट्रिक नर्सिङ्ग) | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |
| ०५/०८१-०८२ | स्वास्थ्य | नर्सिङ्ग | नर्सिङ्ग शिक्षक | एम.एन. (कम्यूनिटी हेल्थ नर्सिङ्ग) | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी भएको । |

२) आवश्यक न्युनतम योग्यता

क) नेपाली नागरिक हुनु पर्ने ।

ख) अधिकृत तहको पदमा उमेर २१ वर्ष पुरा भै ४५ वर्ष ननाघेको ।

ग) कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) अन्य प्रचलित कानुन बमोजिम अयोग्य नभएको ।

३) छनौट बिधि- लिखित परीक्षा तथा अन्तर्वार्ता।

४) लिखित परीक्षा मितिः- लिखित परीक्षाको मिति, समय र स्थान चि.वि.रा.प्र., वीर अस्पतालको Website, https; // www.nams.edu.np/en मार्फत पछि प्रकाशन गरिनेछ ।

५) लिखित परीक्षाको नतिजा पछि अन्तर्वाता सम्बन्धी सूचना चि.वि.रा.प्र., वीर अस्पतालको Website https; // www.nams.edu.np/en मा राखिनेछ।

६) दरखास्त फाराम साथ संलग्न गर्नुपर्ने कागजातहरुः- दरखास्त फाराममा पासपोर्ट साइजको फोटो टाँसी दरखास्त फाराममा उल्लेखित उम्मेदवारको व्यक्तिगत विवरण लगायतका सम्पूर्ण विवरणहरु भरी आफुले प्राप्त गरेका न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपीहरु, नेपाली नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी, नेपाल नर्सिङ्ग काउन्सिलको विशेषज्ञ नर्स दर्ता प्रमाण पत्रको प्रतिलिपी (नविकरण समेत) का प्रमाण पत्रहरुको प्रतिलिपीहरुमा उम्मेदवारले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी पेश गर्नुपर्नेछ। साथै आफुसँग कार्य अनुभव र तालिमको प्रमाण-पत्र भए सो समेत पेश गर्न सकिनेछ। विदेशबाट शैक्षिक योग्यता हासिल गरेको उम्मेदवारहरुले समकक्षता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।

७) परीक्षा दस्तुर रु.१००० (एक हजार मात्र) चि.वि.रा.प्र.को नाममा राष्ट्रिय वाणिज्य बैंक भोटाहिटी शाखामा रहेको प्रतिष्ठानको खाता नं. National Academy Of Medical Science, A/C No. 1360100002334001 मा राजश्व बुझाई भौचरको सक्कलै प्रति दरखास्त साथ पेश गर्नुपर्नेछ।

८) दरखास्त बुझाउने अन्तिम मिति, समय र स्थानः- दरखास्त फाराम बुझाउने अन्तिम मिति करार पदको लागि सूचना प्रकाशित भएको २१ (एक्काईसौं) दिन, मिति २०८१/०५/१६ गतेभित्र कार्यालय समय (अपरान्ह ४:३० बजेसम्म), चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, सर्जिकल भवनको छैटौं तला, सोधपुछ कक्षमा दरखास्त फाराम बुझाईसक्नु पर्नेछ।

९) दरखास्त फारामः- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको website https; // www.nams.edu.np/en बाट दरखास्त फाराम डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिनेछ ।

१०) तोकिए बमोजिमका आवश्यक कागज नभएको तथा न्युनतम शैक्षिक योग्यता नपुगेका उम्मेदवारको दरखास्त फाराम जुनसुकै बेला पनि बदर गर्न सकिनेछ।

११) तलब स्केलः- चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको नियम अनुसार पाउने छ ।

पूनश्चः- दरखास्त फाराम तथा परीक्षा सम्बन्धी कुनै कुरा बुझ्नु परेमा चि.वि.रा.प्र. सर्जिकल भवनको छैटौ तला, सोधपुक्ष कक्षमा सम्पर्क राख्न सकिनेछ ।

पदपूर्ति समिति

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान